# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ४८
मितिः २०८२/०८/०५

<u>एजेण्डाहरु:</u>

१. समीक्षा सम्बन्धमा।
२. गाउँसभाको १८ औं हिउँदे अधिवेशन तयारी बैठक सम्बन्धमा।
३. विषयगत समिति बैठक सम्बन्धमा।
४. योजना सञ्चालन सम्बन्धमा।
५. पालिकास्तरीय ३, ५ र ८ को परीक्षा सञ्चालन सम्बन्धमा।
६. चौमासिक आय व्यय समीक्षा सम्बन्धमा।
७. विविध।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ का लागि प्रक्षेपण गरिएको रु ८० लाख आन्तरिक आयमध्ये प्रथम चौमासिक अवधिसम्म रु २१ लाख ४० हजार ९ सय ८४ रुपैया अर्थात २६.७ प्रतिशत राजश्व सङ्कलन भएको हुँदा लक्ष्य अनुरुपको राजश्व सङ्कलनका लागि थप प्रभावकारी एवम् परिणाममुखी बनाउन आवश्यक रणनीति एवं सुधारात्मक कदमहरू अपनाई राजश्व सङ्कलन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको आगामी १८ औं हिउँदे अधिवेशनका लागि सम्पूर्ण वडाहरुले वडा भेला सम्पन्न गरी संघीय, प्रादेशिक, गाउँपालिकास्तरीय र वडास्तरीय योजना/कार्यक्रमहरुको वडागत रुपमा समीक्षा लगायतका पूर्व तयारीका क्रियाकलापहरु सम्पन्न गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको विषयगत समितिको बैठकलाई थप प्रभावकारी बनाउन नियमित रूपमा बैठक सञ्चालन गर्ने, आवश्यक एजेन्डा पहिचान गरी निर्णयहरूको समयमै कार्यान्वयन र अनुगमन गर्ने तथा समितिलाई सक्रिय र परिणाममुखी बनाउन आवश्यक व्यवस्था मिलाउने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ४८
मितिः २०८२/०८/०५

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आ.व. २०८२/०८३ को लागि अर्जुनचौपारी गाउँपालिका गाउँसभाको १७ औं अधिवेशबाट स्वीकृत भई बजेट विनियोजन भएका योजनाहरुको मिति २०८२ मंसिर महिनाको दोस्रो हप्ताबाट प्रत्येक वडा कार्यालयहरुमा योजना सञ्चालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी वडा कार्यालयबाट नै योजना सम्झौता गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५**

प्रस्ताव ५ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको कक्षा ३,५ र ८ को पालिकास्तरीय परीक्षा मिति २०८२/०८/२१ गते देखि सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा प्रमुख प्रशासकीय अधिकृत मार्फत पेश गरिएको अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को प्रथम चौमासिक अवधिको आय व्यय विवरण उपर छलफल गरी आय व्यय सार्वजनीकरण गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ (क) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकामा कृषिक्षेत्रको उत्पादनशीलता, पहुँच र प्रभावकारिता बढाउने उद्देश्यले निर्माण भएको एकिकृत कृषि कार्यविधि, २०८१ को परिच्छेद ३ को दफा ४ मा ४.३ संशोधन एवम् ४.५ बाट ४.१० सम्म नयाँ कार्यक्रम थप गरि कार्यान्वयनमा ल्याउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ (ख) माथि छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ को वार्षिक विकास कार्यक्रम अन्तर्गत अर्जुनचौपारी गाउँपालिका भित्रका सूचिकृत आमा समुह र कृषक समूहलाई आलुको बिउ वितरण सम्बन्धी सूचना प्रकाशन गरिएकोमा समुहहरुबाट अत्याधिक माग र आलु उत्पादन प्रति उत्साह धेरै भएकोले प्रथम चरणमा खरिद गरेको बिउ अपुग भएकाले आमा समूह/युवा क्लब/जेष्ठ नागरिक समूह शीर्षकबाट आलुको बिउ पुनःखरिद गरी वितरण गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ४८

मितिः २०८२/०८/०५

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ (ग) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाभित्रका सम्पूर्ण वडामा जग्गा वर्गीकरण सम्बन्धी कार्य सम्पन्न भएकोमा केही वडाहरूमा जग्गा वर्गीकरण हुन छुट भएकोमा छुट भएका तपसिल बमोजिमका जग्गाहरूलाई वर्गीकरणका लागि सम्बन्धित निकायमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

<u>तपसिलः</u>

| सि.नं. | साविक गा.वि.स | वडा नं | | कित्ता नं | भएको किसिम | हुनुपर्ने किसिम | आधार |
|---|---|---|---|---|---|---|---|
| | | हाल | साविक | | | | |
| १ | सतौदरौ | ६ | ६ | ७१९ | वर्गीकरणमा छुटेको | आवस | हाल आवासीय प्रयोजनमा रहेको |
| २ | सतौदरौ | ६ | ६ | ७१८ | वर्गीकरणमा छुटेको | कृषि | आवसको लागि उपयुक्त नरहेको |
| ३ | सतौदरौ | ६ | ६ | ८२४ | वन | आवस | हाल आवासीय प्रयोजनमा रहेको, व्याक्तिगत लालपुर्जा कायम रहेको |
| ४ | रापाकोट | ४ | ६ | ४०४ | वर्गीकरणमा छुटेको | कृषि | आवसको लागि उपयुक्त नरहेको |
| ५ | रापाकोट | ४ | ६ | ५१९,६३६,५२४ | सार्वजनिक,वन | कृषि | व्याक्तिगत लालपुर्जा कायम रहेको |
| ६ | रापाकोट | ४ | ९ | ८०६,८८५ | वन | कृषि | व्याक्तिगत लालपुर्जा कायम रहेको |
| ७ | आरूचौर | ५ | २ | १९३ | सार्वजनिक | कृषि | व्याक्तिगत लालपुर्जा कायम रहेको |
| ८ | आरूचौर | ५ | २ | १८४,१८६,१८८, ५६८,१९०,२१०४ | वर्गीकरणमा छुटेको | कृषि | आवसको लागि उपयुक्त नरहेको |
| ९ | आरूचौर | ५ | ३ | ४२०,४८४,५१७ १३०८ | वर्गीकरणमा छुटेको | कृषि | आवसको लागि उपयुक्त नरहेको |
| १० | आरूचौर | ५ | ३ | ४३७,४४९,४७९, ४८०, ४८६,४५२ १८४९,१८५१,१८५३ | वर्गीकरणमा छुटेको | आवस | काफलडाँडा-तालपोखरी सडक वरिवरिको कित्ता, हाल आवास |

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ४८
मितिः २०८२/०८/०५

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ (घ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका भित्रका एकल, असहाय तथा विपन्न नागरिक/परिवार तथा एकल, असहाय महिलाहरूलाई सहज र निःशुल्क रूपमा स्वास्थ्य सेवा पहुँच सुनिश्चित गर्ने उद्देश्यले निर्माण गरिएको अर्जुनचौपारी गाउँपालिकाको विपन्न नागरिक स्वास्थ्य बीमा सम्बन्धी कार्यविधि, २०८१ को परिच्छेद १ को दफा १ को (क), दफा २, परिच्छेद २ को दफा ३, परिच्छेद ४ को दफा ११ को (ज) थप गरी यस कार्यविधि संशोधन गरी कार्यान्वयनमा ल्याउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ (ङ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. २ निवासी हिरालाल काफ्लेको छोरा ना.प्र. नं. ४२-०१-७६-०२६३४ का दिपेश शर्मा काफ्लेको न्युजिल्याण्डमा सडक दुर्घटनामा परी उपचारको क्रममा ठुलो धनराशी खर्च भएको साथै हाल निजको मृत्यु भई परिवारमा ठुलो आर्थिक भार परेको हुँदा निजको परिवारलाई आर्थिक सहयोग उपलब्ध गराईदिनु हुन भनी सम्बन्धित वडाबाट सिफारिस प्राप्त भएकोले शैक्षिक संस्था, गैर सरकारी संस्था, धार्मिक तथा सांस्कृतिक र अन्य सहायता सम्बन्धी कार्यविधि, २०७६ बमोजिम उद्धार, राहत तथा पुनःस्थापना शीर्षकबाट रु. ५०,०००।- (अक्षरेपी रू. पचास हजार मात्र) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ४८
मितिः २०८२/०८/०५

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ (च) माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/०८३ मा संघीय सरकार तथा प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयद्धारा सञ्चालन हुने नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि Friday Learn With Fun सम्बन्धी प्रस्तावना पेश गर्ने। साथै उक्त कार्यक्रम कार्यान्वयनका लागि गाउँपालिकाको कार्यालयबाट कार्यविधि वा कानुनमा तोकिए बमोजिमको लागत साझेदारी गर्न प्रतिवद्धता सहित अर्जुनचौपारी गाउँपालिकाको कार्यालयमा कार्यरत सूचना प्रविधि अधिकृत श्री विष्णु सुवेदीलाई सम्पर्क व्यक्ति तोकी तपसिल बमोजिमको कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

<u>तपसिलः</u>

| | |
|---|---|
| श्री प्रकाश तिवारी | संयोजक |
| श्री सपना गुरुङ | सदस्य |
| श्री युवराज अर्याल | सदस्य |
| श्री विनम्रता न्यौपाने | सदस्य |
| श्री आशिक कुमार क्षेत्री | सदस्य |
| श्री निलकण्ठ पाण्डेय | सदस्य |
| श्री दिपक थापा क्षेत्री | सदस्य |
| श्री विष्णु सुवेदी | सदस्य |
| श्री कमल भण्डारी | सदस्य |

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ४८

मितिः २०८२/०८/०५

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ (छ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता एवम् सूचिकृत आमा समूहहरू मध्येबाट अघिल्लो आर्थिक वर्षमा माग प्राप्त भएका र बजेट अभावको कारण उनिहरुको माग सम्बोधन हुन नसकेका आमा समूहहरुलाई चालु आर्थिक वर्षमा निरन्तरता प्रदान गर्ने गरी तपसिल बमोजिमका आमा समूहहरूलाई उनीहरूको माग अनुसार आवश्यक सामग्री खरिदका लागि आमा समूह गठन एवम् सञ्चालन कार्यविधि, २०७९ अनुसार रु. १,००,००० (एक लाख रुपैयाँ) सम्मको लागतमा ५० प्रतिशतले हुन आउने अनुदान रकम आमा समूह/बाल क्लब/जेष्ठ नागरिक/युवा क्लब शीर्षक अन्तर्गत ५० प्रतिशत अनुदानमा सामाग्री वितरण कार्यक्रमबाट उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

<u>तपसिलः</u>

| सि.नं. | आमा समूहको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री मिलिजुली आमा समूह | अर्जुनचौपारी गा.पा.-१ |
| २ | श्री पिपलडाँडा आमा समूह | अर्जुनचौपारी गा.पा.-५ |
| ३ | श्री दुवारकुना आमा समूह | अर्जुनचौपारी गा.पा.-५ |

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ (ज) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाद्धारा निर्मित वडा नं. १ स्थित नेपालकै पहिलो नवग्रह मन्दिरको नियमित सरसफाइ, संरक्षण तथा दैनिक सञ्चालन कार्यलाई व्यवस्थित गर्न १ जना कामदार दैनिक रुपमा आवश्यक देखिएको हुँदा अर्को व्यवस्था नभएसम्मका लागि ज्यालादारीमा १ (एक) कामदार व्यवस्थापन गर्ने साथै उक्त कामदारको ज्याला दैनिक रु ८०० का दरले प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ४८

मिति: २०८२/०८/०५

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ (झ) माथि छलफल गर्दा नेपाल सरकारबाट तोकिएको न्यूनतम पारिश्रमीक उपलब्ध नभएको अवस्थालाई मध्यनजर गर्दै अर्जुनचौपारी गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा कार्यरत बाल विकास शिक्षक तथा विद्यालय सहयोगी कर्मचारीहरूलाई मासिक रु. २,३००/- एवम् विद्यालय लेखा हेर्ने शिक्षकहरूलाई मासिक रु. २,८००/- अतिरिक्त सुविधा मिति २०८२ मंसिर १ गतेदेखि लागू हुने गरी प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

धन बहादुर गुरुङ
प्रवक्ता